
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार ५ गते बुधबार ❑ 19 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## शिक्षामा दलीय राजनीति रोक्ने निर्णयबाट पछि हट्दिनँ : मन्त्री श्रेष्ठ

**रासस**
काठमाडौं, ४ असार

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले शिक्षा क्षेत्रलाई दलीय राजनीतिमुक्त बनाउने निर्णयबाट पछि नहट्ने बताउनुभएको छ ।

मन्त्रालयको जिम्मेवारी सम्हालेको सय दिनमा प्राप्त उपलब्धि सार्वजनिक गर्न बुधबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले दलीय हस्तक्षेपले गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव पार्ने भएकाले आफूले गरेको निर्णय र प्रतिबद्धताबाट पछि नहट्ने स्पष्ट पार्नुभयो । उहाँले विश्वविद्यालयमा नियुक्ति गर्दा योग्यताक्रमलाई आधार मान्न थालिएको र आफ्नो निर्देशनपछि राजनीतिक दलको सदस्यता लिएका आठ सय २५ शिक्षकले सदस्यता त्यागेको जानकारी दिनुभयो । यसबीचमा दलीय सदस्यता लिएका ४५ शिक्षकविरुद्ध मन्त्रालयमा उजुरी आएकामा ४१ जनासँग स्पष्टीकरण लिइएको र चार जनाले सफाइ पाएको मन्त्री



श्रेष्ठले बताउनुभयो । "गुणस्तरी शिक्षाका लागि हामी सबैले आआफ्नो क्षेत्रबाट सकारात्मक सहयोग गर्नुपर्ने आवश्यकता छ । मैले नेतृत्व सम्हालेपछि त्यही भावनाका साथ काम सुरु गरिएको छ । त्यसको परिणाम पनि विस्तारै देखिन थालेको छ। अहिले शिक्षकहरूले पनि हाम्रो उद्देश्य बुझेर सदस्यता त्याग्न थाल्नुभएको छ । अन्तिमसम्म पनि त्यो निर्णय कार्यान्वन गर्न म प्रतिवद्ध छु", यहाँले भन्नुभयो ।

मन्त्री श्रेष्ठले विद्यार्थीको परिचयपत्र नम्बरलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरिने, पाठ्यपुस्तक पुनःप्रयोगका लागि नीति तथा कार्यक्रममा समावेश गरिएको, करियर काउन्सेलिङ कार्यक्रम सञ्चालन गरिएको, पाठ्यक्रममा जनसहभागिता, दिवा खाजालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन पहल गरिएको, राष्ट्रिय परीक्षा बोर्डको नतिजा प्रकाशनको तालिका बनाइएको लगायत सुधारका विषय सार्वजनिक गर्नुभयो । यसैगरी विद्यालय शिक्षा विधेयक, २०८० लाई छिटो पारितका लागि संसदीय समितिसँग आग्रह गरिएको, विद्यालय सञ्चालन मापदण्डको मस्यौदामा सुझाव माग गरिएको, शिक्षक सरुवा मापदण्ड लागूगरिएको, शिक्षा नियमावली दशौँ संशोधनका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायका लागि पठाइएको, निजी विद्यालयका शिक्षक कर्मचारीको सुविधाका लागि कानुनी प्रबन्धका लागि सर्कुलर गरिएको, शिक्षक दरबन्दी मिलानका लागि अध्ययन सुरु गरिएको, शिक्षक पोर्टल निर्माण सुरु भएको, त्रिभुवन विश्वविद्यालयका अतिक्रमित जग्गाबारे छानबिन गर्न पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा समिति गठन गरिएको र विदेशी सम्बन्धन प्राप्त कलेजका सम्बन्धमा अध्ययन गर्न पूर्वसचिव शङ्कर कोइरालाका संयोजकत्वमा समिति गठन गरिएको पनि त्यसअवसरमा जानकारी दिइयो । शिक्षक सरुवा निर्देशिकामा स्थानीय तहसमेतको असन्तुष्टिका विषयमा सोधिएको प्रश्नमा मन्त्री श्रेष्ठले सरुवालाई पारदर्शी र वैज्ञानिक बनाउन सम्बन्धित पक्षसँगको छलफलका आधारमा निर्देशिका ल्याएको र आवश्यकतानुसार परिमार्जन गर्न सकिने जवाफ दिनुभयो ।

## भद्रकाली मन्दिरमा बस्ने बाबा चेतन गिरीको निधन

**पोखरापत्र संवाददाता**
पोखरां, ४ असार

मृत्यु त्यो सत्य जुन अकाट्य र अवश्यम्भावी छ। त्यसैले कवि शिरोमणि लेखनाथ पौड्यालले भनेका थिए । 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो, इन्द्रै बिन्ती गरुन झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।' हो कवि शिरोमणीले भने झैं मृत्युलाइ कसैले छेक्न वा रोक्न सक्दैन । मृत्यु त सवैको अवश्य हुन्छ तर मृत्यु पश्चात केही न केही छाप छाडेर गएको पाइन्छ । वडा १२/१३ हुँदै पोखरावासी विच जोगी बाबा चेतन गिरीको सालीन व्यवहार र वोलीले हामी सवैको जीवनमा सदा घुमिरहने र नविर्सने छाप टाँसीएको छ ।

बाबाले भक्तजनहरुले दिएको आर्थिक संकलन जति गर्नु भयो उति नै हरेक वर्ष सामाजिक कार्यमा सहयोग गर्दै आउनु भएको थियो । भद्रकाली विद्यालयको मुल गेट निर्माणमा समेत बाबा गिरीले सहयोग गर्नु भएको थियो । सहयोग गर्नुको पछाडि गौडाकोमुख निवासी समाजसेवी सरस्वती देवकोटाको सल्लाहमा विद्यालयमा सहयोग



गर्नुभएको हो । बाबा नरहेपनि भद्रकाली विद्यालयको गेटमा बाबा गिरीको नाम मार्वलमा लेख्नाले सदैव अमर हुने समाजसेवी देवकोटाले भनिन् ।

भद्रकाली मन्दिर व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले हरेक हप्ता पत्रकार जी कता हुनुहुन्छ ? ल माथि चिया पिउन आउनुहोस् भनेर निमन्त्रणा दिनुहुन्थ्यो । सोही निमन्त्रणालाई मैले समय मिलाएर मन्दिर उक्लदा बाबा गिरी सँगको हरेक भेटले मालई जीवनमा उर्जा मिल्थ्यो। उनै बाबा गिरीको जस्तो सकारात्मक विचार र भावना दैवलाई पनि लोभ लागेर होला धर्तीवाट मंगलवार विहान ७ बजे टपक्क टिपेर लग्यो । जहाँ कसैको मृत्युले संसार रुवाउँछ, कसैको मृत्युले छिमेकीदेखि जिल्ला हुदै राष्ट्रलाई समेत रुवाउँछ । रुवाउँनुको पछाडि मृत्यु भएका व्यक्तिले गरेको व्यवहार र समाज प्रतिको माया ममताले उसलाई हरेकको आत्ममा राखि संझाउने गर्दछ । स्व.बाबाको मृत्युको खवरले पनि धेरै व्यक्तिको आँखा रसाएर आत्मामा जीवीत वनाइराखेको छ । भनिन्छ उच्च कोटीको पाकेको फल देख्दा कसको मन थामिन्छ र ? हो बाबा गिरी हामी सवैको बाबा वडा १२ र १३ कै बाबाको मृत्युले सवैलाई शोक मग्न बनायो ।

पोखरा वडा न १२/१३ स्थित श्री भद्रकाली मन्दिरमा करिव २०५१ सालदेखी बस्दै आउनु भएको थियो। उनै बाबाको बुधवार मन्दिर व्यवस्थापन समितिका सदस्य, भद्रकाली विद्यालयका कर्मचारी, यस भेगका श्रद्धालु भक्तजनहरु, नागा बाबा साधु सन्तहरुको उपस्थितिमा नागा बाबा संस्कार परम्परा अनुसार रामघाटमा स्थित सेती नदिको किनारमामंगलवारनैजलसमाधीमा राखी अन्तिम संस्कार गरियो ।

## अतिथिलाई काँक्रा उपहार, गलामा दुबोको माला

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

"घर व्यवहारै चल्छ, गर्न सके सुन फल्छ", पोखरा महानगरपालिका-११ को काहुँडाडास्थित सर्वेश्वर आइपिएम कृषक पाठशालाको समापन समारोहमा स्थानीय आमाहरूले गाएको भजनको एक टुक्का हो यो ।

आमाहरूले भजन गाइरहँदा गलामा दुबोको मालासँगै पिपलको पातमा अतिथि लेखिएको ब्याचले सजिएका अतिथिहरूले अभिरुचीपूर्वक सुनिरहेका थिए । कार्यक्रममा खादाजन्य सामग्री प्रयोग गरिएको थिएन । अतिथिलाई उपहारमा काँक्रो प्रदान गरिएको थियो । खाजामा सेलरोटी र काँक्राको अचारसँग मोही थियो ।

पोखरा महानगरपालिकाको सहयोगमा काहुँको सिस्नेरीमा सञ्चालित १४ हप्ताको आइपिएम कृषक पाठशालाको अनुभव सहभागीले व्यवहारमा उतारिरहँदा कार्यक्रमको आकर्षण भिन्नै देखिन्थ्यो ।

कृषिप्रति अनिच्छाका कारण जग्गा बाँझो भइरहेका अवस्थामा पोखरा महानगरपालिका- ११ काहुँ डाँडाका स्थानीय भने आइपिएम कृषक पाठशालाका माध्यमबाट सामूहिक कृषिमा जोडिएका हुन् । पाठशालाबाट धेरै कुरामा सक्षमता हासिल



गरेको सर्वेश्वर आइपिएम कृषक समूहका अध्यक्ष इन्द्रकुमारी आचार्यले बताउनुभयो ।

समूहमा आवद्ध भई आइपिएम कृषक पाठशाला मार्फत आधा रोपनी क्षेत्रमा गरिएको काँक्रो खेतीबाट पाँच सय किलोभन्दा बढी बिक्री गर्न सफल भएको उहाँको अनुभव छ । कार्यक्रमकै क्रममा आमाहरूले कृषि सन्देशमूलक गीत तथा भजन गाउनुका साथै कृषि उत्पादनमा विषादीको प्रयोगले निम्त्याउने समस्यालाई जीवन्त चित्रण गरेको लघु नाटक प्रस्तुत गरे । विषादीको प्रयोगले समाजमा पार्ने नकारात्मक प्रभावबारे जानकारी गराउन नाटक प्रस्तुत गरिएको नाटक अभिनय दलका सदस्य ७५ वर्षीया सावित्री आचार्यको भनाइ छ । "हामी आइपिएम कृषक पाठशालाका माध्यमबाट धेरै विषयमा जानकार भएका छौं यसले हामीलाई सामाजिक सक्षमता बढाएको छ", उहाँले भन्नुभयो, "पाठशालामा सिकेका सिकाइलाई हामीले व्यावहारिक जीवनमा प्रयोग गर्नेछौं ।" पाठशालाको सिकाइसँगै बोल्ने बानीको विकासका कारण आफ्ना कुरा निर्धक्कका साथ राख्ने क्षमतामा वृद्धि भएको समूहका सदस्यहरू बताउँछन् । महानगरपालिकाको सहयोगमा आइपिएम कृषक पाठशाला सञ्चालन गरिएको हो । यहाँका २५ जना महिलाहरू एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) पाठशालामार्फत सामूहिक खेतीमा अध्ययन अनुसन्धानसँगै आयआर्जनमा जोडिएको कृषि महाशाखा प्रमुख मनहर कडरियाले बताउनुभयो ।

किसानलाई प्राङ्गारिक विधिबाट खेती गर्न ज्ञानसीप उपलब्ध गराउने उद्देश्यले पाठशाला सञ्चालनका लागि सहयोग गरेको उहाँले जानकारी दिनुभयो । "यसका माध्यमबाट उहाँहरूमा धेरै ज्ञान सीप हासिल हुनुका साथै समाजमा आफ्ना कुरा राख्न सक्ने क्षमता वृद्धि भएको छ", उहाँले भन्नुभयो, "प्राप्त सिकाई र अनुभवलाई गीत भजनका साथै नाटकका माध्यमबाट प्रस्तुत गर्न सक्नुले सामाजिक सचेतना र क्षमता अभिवृद्धि भएको देखिन्छ ।"

कृषक पाठशालाबाट आफूहरूले कृषिका सम्बन्धमा धेरै विषयहरू जानकारी प्राप्त गरेको अर्का सदस्य सुभद्रा आचार्य बताउनुहुन्छ । पाठशालामा स्थानीय किसानलाई रासायनिक मल र विषादीको प्रयोगविना प्राङ्गारिक विधिबाट खेती गर्न सिकाइएको थियो ।

सिकाइलाई प्रभावकारी बनाउन गँड्यौला, खपटे, खुम्रे, पुतली र औँसा पाँच समूहमा विभाजित भई प्राविधिकसहित प्रयोगात्मक सिकाइ गरेका थिए । पाठशालाका लागि किसानले गत चैत १६ गते भक्तपुरे लोकल जातको काँक्राका बेर्ना रोपेका थिए । कार्यक्रमको समापनमा पोखरा महानगरपालिका-११ का वडाध्यक्ष प्रेमप्रसाद कर्माचार्य, वडा कृषि सञ्जालका संयोजक भीमप्रसाद आचार्य, वडा सदस्य विष्णुप्रसाद घिमिरेलगायतले पाठशालाका सिकाइ व्यावहारिक जीवनमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

## गण्डकी प्रदेशस्तरीय क्रिकेट : नवलपुरको दोस्रो जित

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखरा रङ्गशालामा जारी गण्डकी प्रदेशस्तरीय टी-२० पुरुष क्रिकेट प्रतियोगिताअन्तर्गत मंगलबारको खेलमा नवलपुर विजयी भएको छ। नवलपुरले गोरखालाई एक सय २५ रनले पराजित गरेको हो ।

नवलपुरले लगातार दुवै खेल जित्दै कुल चार अङ्कका साथ समूहमा पहिलो स्थान बनाएको छ । नवलपुरले सोमबार पर्वतमाथि जित हासिल गरेको थियो ।

स्याङ्जा एक जित र एक खेलमा बराबरी गरी तीन अङ्कका साथ दोस्रो स्थानमा छ। अङ्क तालिकामा पर्वतले एक अङ्क जोडेको छ भने गोरखा अङ्कविहीन छ। मंगलबारको पहिलो खेल भारी वर्षाका कारण रद्द भएसँगै बलियो मानिएको स्याङ्जाले पर्वतसँग अङ्क बाड्न बाध्य भयो ।

नवलपुरले गोरखासँगको खेलमा टस जितेर ब्याटिङ सुरुवात गरेकामा निर्धारित ओभरमा छ विकेट गुमाउँदै एक सय ७८ रन बनायो । जसमा ओपनर प्रमिश अर्यालले ६० बलमा १० चौका र ३ छक्का प्रहार गर्दै ८० रन बनाए। सुदीप अर्यालले १५ बलमा तीन छक्का प्रहार गर्दै २७ रनको व्यक्तिगत योगदान दिए । यसै गरी रिजन काफ्लेले १४ बलमा २१ रन, दीपक डुम्रेले १० र

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हेमजा भेट्रान्स कप पोखरा १२ र १३ सेमिफाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, ४ असार



हेमजा भेट्रान्स कपमा पोखरा १२ र १३ सेमिफाइनलमा प्रवेश गरेको छ।

आज भएको पहिलो खेलमा पोखरा १२ ले ६ लाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो। निर्धारित समयमा १-१ को बराबरी भए पछि खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो। पेनाल्टी सुट आउटमा पोखरा १२ ले ५-४ गोल अन्तरले पराजित गर्दै विजयी भएको हो। उक्त खेलको म्यान अफ दि म्याच पोखरा ६ का बिष्णु बहादुर लामिछाने भए।

त्यस्तै मंगलबार नै भएको दोस्रो खेलमा पोखरा १३ ले ५ लाई पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो। पोखरा १३ ले ३-१ गोल अन्तरले पोखरा ५ लाई पराजित गर्दै विजयी भएको हो। खेलको ३२ औं मिनेटमा राजकुमार गुरुङले पहिलो गोल गरे। साथै देभभक्त गुरुङले ४९ औं मिनेटमा दोस्रो गोल गरे त्यस्तै नरेन्द्रजंग गुरुङले ५३ औं मिनेटमा थप १ गोल गर्दै वडा न.१३ लाई ३ गोलको अग्रता दिलाए। वडा न ५ का अनिल राज कोइरालाल ५६ औ मिनेटमा १ गोल गरेका थिए। सो खेलमा पोखरा १३ का अमित परियार म्यान अफ दि म्याच घोषित भए। हेमजा यूनाईटेडको आयोजना तथा पोखरा महानगरपालिकाको संरक्षणमा पोखराको हेमजामा शनिबार देखि सुरु भएको अन्तर वडा स्तरीय हेमजा भेट्रान्स कप २०८१ असार ७ गते सम्म संचालन हुनेछ।

प्रतियोगितामा प्रथम हुने टीमले नगद १ लाख ११ हजार ११ र द्धितिय हुने टीमले ५५ हजार ५ सय ५५ नगद सहित ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन।



निर्माणाधीन संग्रहालय : कास्कीको पोखरा महानगरपालिका-१६ स्थित महेन्द्रगुफा परिसरमा निर्माणाधीन संग्रहालय भवन। गण्डकी प्रदेश सरकारको लगानीमा महेन्द्रगुफाको सौन्दर्यीकरण योजनामा सो संग्रहालय निर्माण कार्य सुरु गरिएको हो। तस्बिर : रामबहादुर थापा/रासस

# खुल्ला स्क्वासमा सृष्टिका उदास विजयी

पोखरापत्र संवाददाता
पोखरा, ४ असार




पोखरामा सम्पन्न खुल्ला स्क्वास प्रतियोगितामा पुरुष तर्फ आभन श्रेष्ठ तथा महिला तर्फ सृष्टिकाउदासविजयीबनेकाछन्।

अर्न्तराष्ट्रिय ओलम्पिक डेको अवसरमा स्क्वास र्‍याकेट एसोसिएसन कास्की द्धारा आयोजित प्रतियोगितामा पुरुष तर्फ ३२ र महिला तर्फ ८ जना प्रतियोगीलेप्रतिस्पर्धागरेकाथिए।

प्रतियोगितामा विजेता तथा उपविजेतालाई पदक प्रदान गरिएको थियो। प्रतियोगितमा महिला तर्फ उपविजेता समिक्षा ठकुरी, पुरुष तर्फ नवराज श्रेष्ठ भएका थिए। यसैगरि महिला तर्फ निष्ठा श्रेष्ठ र अपेक्षा अधिकारी, पुरुष तर्फ आरभ श्रेष्ठ र राजु श्रेष्ठले कास्य पदक जितेको कास्की जिल्ला स्क्वास र्‍याकेट एशोसिएसनका अध्यक्ष प्रविण पालिखेले जानकारी दिनुभयो। विजेता तथा उपविजेता खेलाडीहरुलाई नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तेजबहादुर गुरुङ्गले पदक तथा प्रमाणपत्र वितरण गरेका थिए।

# पोखरामा स्काउटको एड्भेन्चर फेस्ट हुने

पोखरापत्र संवाददाता
पोखरा, ४ असार

नेपाल स्काउट गण्डकी प्रदेश र मिलन स्काउट कृयु पोखराको आयोजनामा दोश्रो एड्भेन्चर फेस्ट - २०८१ बुधबारबाट पोखराको शान्तिबन बाटिकामा शुरु हुँदै छ।

उक्त एड्भेन्चर फेस्टमा २५ वटा विभिन्न साहसिक क्रियाकलाप का साथ कार्यक्रम सन्चालन हुनेछ।

कार्यक्रममा बालबालिका तथा युवा हरुलाई शारीरिक, मानसिक रुपले प्रयोगात्मक सीप सहित बिभिन्न बिपदका घडीहरुमा उद्दार कार्यमा डर सङसङै होस गुमाउनु हुदैन भन्ने ध्ययेका साथ उद्दारमा सक्षम बनाउनका लागि कार्यक्रमको आयोजना गरिएको नेपाल स्काउट गण्डकी प्रदेशका प्रदेस प्रमुख आयुक्त सागर पौडेलले बताउनु भयो।

कार्यक्रममा गण्डकी प्रदेश भरी स्काउटबाट तिन हजार बिद्यार्थीहरु र अन्य विध्यार्थीहरु गरि ५ हजार देखि ७ हजार विध्यार्थीहरु सहभागिता हुनेछ।

कार्यक्रम गण्डकी प्रदेशका भौतिक पुर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री राजिव गुरुङले उद्धाटन गर्नु हुनेछ। कार्यक्रममा ओमेगा जम्प, सुपरम्यान जम्प, रिभर क्रसिङ, टायर जम्पिङ, रक क्लाईम्बिङ, मङ्की बृज, प्यारा जम्प, नेट क्रसिङ, हर्ष राईडिङ, टार्जन जम्प, आर्चरी लगायतका विभिन्न २५ वटा साहसिक कृयाकलापहरु सन्चालन हुनेछन।

# गुणस्तरीय ...

कमल परियारले १२ रन बनाए।

गोरखाका बलर मेहुल श्रेष्ठले चार ओभरमा ५३ रन दिएर तीन विकेट लिए। प्रशिद्ध बज्रचार्यले दुई विकेट हात पार्दा सुनिल गुरुङले एक विकेट लिए। जितका लागि एक सय ७९ रनको लक्ष्यसहित मैदानमा उत्रिएको गोरखाले भने १५ ओभरको तेस्रो बलमा सबै विकेट गुमाउँदै ५३ रन मात्र जोड्न सक्यो। गोरखाका लागि मेहुल श्रेष्ठले सर्वाधिक १२ रनको योगदान दिए भने गौरव पौडेलले ११ र पङ्कज पाण्डेले १० रन बाहेक अन्य खेलाडीले दोहोरो अङ्कको रन लिन सकेनन्।

गोरखालाई सस्तैमा समेट्न पवन सापकोटा र कमल परियारले तीन/तीन विकेट लिए। स्वीकार श्रेष्ठले दुई र सुदीप अर्यालले एक विकेट हात पारे। खेलमा प्रमिश अर्याल ‘खेलको प्लेयर अफ दि म्याच’ घोषित भए।

प्रतियोगिताअन्तर्गत बुधबारको खेलले फाइनल पुग्ने टोलीको टुङ्गो लाग्ने छ। समूह ‘बी’ को पहिलो खेलमा नवलपुर र स्याङ्जाले फाइनलमा पुग्न प्रतिस्पर्धा गर्नेछन् भने पर्वत र गोरखा प्रतिष्ठाको लागि भिड्नेछन्। घरेलु टोली कास्की समूह ‘ए’ को विजेता बन्दै फाइनलमा पुगिसकेको छ।

प्रदेश खेलकुद परिषद्को आयोजना तथा प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा यही जेठ ३२ गतेदेखी प्रतियोगिता सञ्चालन भएको हो। प्रतियोगिताबाट आसन्न दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक टोली छनोट गरिने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो।

प्रतियोगितामा विजेता टिमले नगद पुरस्कार रु एक लाख र उपविजेता टिमलाई नगद रु ५० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र पाउनेछन्। प्रतियोगितामा आठ जिल्लाको सहभागिता रहेको छ।

# मादीका पर्यटन व्यवसायीलाई गाउँले गाइड तालिम

पोखरापत्र संवाददाता
पोखरा, ४ असार



गाउँ पर्यटन प्रवर्द्धन मञ्च( भिटोफ) गण्डकी प्रदेशको आयोजना एवम् मादी गाउँपालिका कास्कीको सहयोगमा यहाँका ३४ जना पर्यटन व्यवसायीलाई गाउँले गाइड तालिम दिइएको छ।

‘हरेक गाउँ पर्यटकीय ठाउँ’ भन्ने नाराका साथ कृयाशिल भिटोफ गण्डकीले गाउँ पर्यटनको प्रवर्द्धन र विकासलाई जोड दिदै यही असार २ गतेदेखि ४ गतेसम्म तीन दिने आवाशीय तालिम दिएको भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले जानकारी दिनुभयो।

उहाँका अनुसार तालिममा मादी गाउँपालिका अन्तर्गतका पर्यटकीय गाउँहरू सिक्लेस, ताङतिङ, याङ्जाकोट, ठूलास्वाँरा, थामल्हाम्जा, लम्तरी डाँडा, बयरघारी लगायतका स्थानका स्थानीय सहभागी थिए। तालिममा डा. रामजी शर्मा, टीकाराम सापकोटा, दीपेन्द्र पहारी, सरस्वती गौतम र तारानाथ पहारीले प्रशिक्षण दिनुभएको थियो।

तालिमको बुधबार आयोजित समापन समारोहमा प्रमाणपत्र वितरण गर्दै मादी गाउँपालिकाका प्रमुख देवीजंग गुरुङले मादी गाउँपालिकामा गाउँ पर्यटनका धेरै सम्भावना भएको उल्लेख गर्दै यसलाई उजागर गर्नु अपरिहार्य भएको बताउनुभयो। गाउँले गाइड तालिमसँगै यहाँको गाउँ पर्यटनको व्यवसायिक विकास हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मादी गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष हुमनाथ अधिकारी, भिटोफ गण्डकीका सल्लाहकार एवम् प्रशिक्षक टीकाराम सापकोटा, भिटोफ गण्डकीका निवर्तमान अध्यक्ष उदय सुवेदी, भिटोफ गण्डकीका प्रथम उपाध्यक्ष रमेश न्यौपाने, द्वितीय उपाध्यक्ष सुशिला भण्डारी, सचिव लक्ष्मण पहारी, मादी गाउँपालिका होमस्टे एशोसिएसनका अध्यक्ष भीमबहादुर गुरुङ, प्रशिक्षार्थीहरू केशब अधिकारी र चोकबहादुर गुरुङ लगायतले बोल्नुभएको थियो।


## डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने



**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# न्याय दिन नसकेको बजेट

प्रतिनिधिसभामा मन्त्रालयगत छलफल जारी छाबजेट निश्चित सिद्धान्तको आधारमा नबनेको भन्दै विरोध भएको छाबजेट शक्तिशाली नेता र मन्त्रीको जिल्लामा केन्द्रीत भएको भन्दै सत्तारूढ र विपक्षी दलका सांसदहरूले विरोध गरेका छनाविरोधका विभिन्न शैली अपनाएका छन । कसैले बजेट पुस्तिका च्यात्ने, कसैले रोष्टममा मौनधारण गर्ने त कसैले पैसा सहयोग पठाउने गरेका छन । शक्तिशाली नेता र मन्त्रीको जिल्लामा धेरै बजेट पर्ने अन्य सांसदहरू थपडी पड्काएर पास गर्नुपर्ने अवस्था छ। त्यस्तो अवस्था आउन नदिन प्रत्येक निर्वाचन क्षेत्रमा दामासाहीले बजेट छुट्याउने विधिको सर्वोच्च अदालतले अंकुश लगाएको छ। अति भएकाले सांसदहरूले विरोध जनाउनु स्वभाविक मान्नुपर्छ।

मन्त्री र सांसद एउटा निर्वाचन क्षेत्र वा जिल्लाको मात्र नभई सिंगो देशको हुन सक्नुपर्ने आवाज धेरैजसो सांसदहरूको छ। मंगलबार प्रतिनिधिसभामा मन्त्रालयगत बजेटमाथि छलफल गर्दै सांसदहरूले ले भौतिक पूर्वाधार मन्त्रालयमाथि प्रश्न उठाएका थिए। मंगलबार भौतिक पूर्वाधार मन्त्रालयको बजेटमाथि धारणा राख्ने क्रममा सांसदहरुले उपप्रधानमन्त्री रघुवीर महासेठले आफ्नो निर्वाचन क्षेत्र रहेको धनुषा, एमाले अध्यक्ष केपी शर्मा ओलीको गृहजिल्ला झापा र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्वाचन क्षेत्र गोरखामा धेरै बजेट विनियोजन गरेको आरोप लगाएका थिए । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले त रोष्ट्रममै बजेट पुस्तिका च्यातेर विरोध जनाएका थिए । त्यस्तै राप्रपा सांसद ज्ञानेन्द्र शाहीले सिंगो कर्णालीमा भन्दा धनुषा जिल्लामा बढी बजेट परेको भन्दै विरोध जनाएका थिए।

एमालेका सांसद रघुजी पन्तले आफ्नै दलबाट मन्त्री बनेका महासेठको मन्त्रालयको बजेटबारे धेरै टिप्पणी गर्न चाहेनन्। त्यसबारे संक्षिप्त अधिव्यक्ति दिएका पन्तले भने, 'मन्त्री एउटा निर्वाचन क्षेत्र र एउटा जिल्लाको मात्र हुँदैन, ऊ सिंगो देशको हुन्छ।' बजेटले न्याय गरेको अनुभूति सांसदे गर्न पाएका छैनन् । गत वर्षको बजेटमा नुवाकोट, सल्यान, गोरखा र डडेलधुराको धेरै देखियो । यो वर्ष रोल्पा, धनुषा, गोरखा र झापामा देखिएको छ । शक्तिमा हुनेको वरिपरि मात्रै बजेट जानु नवसामन्तवादको नयाँ स्वरुप भएको टिप्पणी समेत हुने गरेको छ। "जो शक्तिमा छ, जो सरकारमा छ। उसको वरिपरि, निर्वाचन क्षेत्रमा मात्रै राज्यको स्रोत परिचालन हुनु दुखद हो । "सामन्तवादको बेला राज्य गर्नेहरूले जग्गा बाड्थे, वृर्ताको रूपमा बाड्थे होलान्। आज जो सरकारमा छ उसले करबाट उठाएर ल्याएको स्रोतलाई उ आफ्नो निर्वाचन क्षेत्रमा एकीकृत गर्र्दै छ।" विगतका आन्दोलनबाट आएको नेताले नेतृत्व गर्दा बजेट विनियोजनमा आन्दोलनको त्याग बोकेको छैन। बजेटले नीति कार्यक्रमको मर्मलाई पनि बोक्न नसकेको स्वीकार्नु पर्दछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कालिका मन्दिरमा जेठमा १८ लाख सङ्कलन

पोखरापत्र संवाददाता

पोखरा ४ असार

नेपालको प्रसिद्ध धार्मिक शक्तिपीठ बागलुङ कालिका भगवती मन्दिरमा जेठमा रु १८ लाख सङ्कलन भएको छ। कालिका भगवती मन्दिर गुठी व्यवस्थापन समितिले सार्वजनिक गरेको जेठको आम्दानी खर्च विवरणअनुसार रु १८ लाख २६ हजार सङ्कलन भएको छ। उक्त रकम भने चालु वर्षकै सबैभन्दा थोरै हो । गत महिना वैशाखमा मात्रै कालिका भगवती गुठी व्यवस्थापन समितिले रु ५८ लाख २४ हजार सङ्कलन गरेको थियो ।

कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काका अनुसार जेठमा १८ लाख २६ हजार आम्दानी र रु १० लाख २१ हजार खर्च भएर रु आठ लाख पाँच हजार बचत भएको बताउनुभयो ।

खड्काले बागलुङ कालिका भगवती मन्दिर दर्शन गर्न आउने श्रद्धालु भक्तजनलाई बास बस्नका लागि बागलुङ नगरपालिका-१ मालढुङ्गा नजिकै धर्मशाला निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) निर्माण गर्न थालिएको उहाँले जानकारी दिनुभयो । उहाँले मन्दिरको भेटीबाटधर्मशालानिर्माणगरिनेछ।

जेठमा भक्तजनले मन्दिरमा चढाएको भेटी रु ११ लाख ९६ हजार दुई सय ६५, सटर भाडाबाट रु तीन लाख छ हजार चार सय, आर्थिक सहयोग बापत रु ५६ हजार छ सय ८३, परेवा बिक्रीबाट रु दुई लाख ४० हजार सात सय ५०, चामल बिक्रीबाट रु नौ हजार, बोकाको टाउको बिक्रीबाट रु ११ हजार नौ सय, कुखुरा बलिबाट रु नौ सय, राँगा बलिबाट रु तीन हजार छ सय, विवाहबाट रु एक हजार र पण्डितबाट रु चार सय आम्दानी गरेको अध्यक्ष खड्काले जानकारी दिनुभयो ।

जेठमा कर्मचारीको तलबभत्तामा रु चार लाख ३४ हजार, विद्युत्मा रु २९ हजार पाँच सय ८०, अतिथि सत्कारमा रु ४६ हजार, उपहार रु नौ हजार, पूर्वाधारतर्फ रु दुई लाख ३६ हजार, पूजा खर्च रु ५५ हजार, जग्गा व्यवस्थापन रु एक लाख ५० हजार, खाद्य तथा आवास रु ५७ हजार र विज्ञापनमा रु पाँच हजार खर्च भएको अध्यक्ष खड्काले बताउनुभयो।

# मल्कवाङमा नौमती बाजा बजाउन तालिम

पोखरापत्र संवाददाता

पोखरा, ४ असार

म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कवाङका २६ जनालाई नौमती बाजा बजाउने र पुर्ख्यौली नाचसम्बन्धी तालिम दिइएको छ।

मौलिक लोकबाजा, कला र संस्कृतिको संरक्षणका लागि पुस्ता हस्तान्तरण गर्ने उद्देश्यले धवलागिरि गाउँपालिकाको आर्थिक सहयोगमा वडा कार्यालयले तालिम सञ्चालन गरेको हो । असार १ गते शनिबार सुरु भएको तालिम सोमबार सकिएको वडासचिव बेदनाथ सुवेदीले जानकारी दिनुभयो। संस्कारगत कार्य, सभा, समारोहमा नौमती बाजा बजाउने र पुर्ख्यौली नाच्ने कलाकार अभाव हुन थालेपछि युवायुवतीलाई तालिम दिइएको उहाँले बताउनुभयो। मल्कवाङ अल्पसङ्ख्यक छन्त्याल समुदायको बाहुल्य बसोबास रहेको बस्ती हो। यहाँ मगर र दलित समुदायको पनि बसोबास छ । पुर्ख्यौली नाच्ने र सोरठी गाउने छन्त्याल र मगर समुदायको मौलिक परम्परा हो । पछिल्लो समय वैदेशिक रोजगारीका कारण पलायन हुने र पुराना पुस्ताका कलाकार निधन भएपछि पुर्ख्यौली नाच सञ्चालन गर्न कलाकारको अभाव हुन थालेपछि नयाँ पुस्तालाई सिकाइएको धवलागिरि-५ का वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो । एघार जना सहभागी नौमती बाजा तालिमको दीपेन्द्र परियार र जीवन परियारले सहजीकरण गर्नुभएको थियो । उहाँहरूले दमाह, कर्णाल, ढोलकी, सहनै, ट्याम्को, झ्याली, नरसिङ्गालगायत बाजा बजाउने सीप सिकाउनुभएको थियो।

सोह्र जना सहभागी पुर्ख्यौली नाच तालिममा दिलीप छन्त्यालले सोरठी गाउने, सरस्वती जगाउने, सुख र दुःखको अवस्थामा नाच्ने तरिका सिकाउनुभएको थियो । कछाड, सर्ट, पेटी, भाङ्ग्रा, टोपीमा सजिएर कम्मरमा मादल भिरेर नाच्नेलाई मादले भनिन्छ । महिला र पुरुषको समूहले सोरठी गीत गाउँछन् । मादलेसँगै नाच्ने मारुनीले गुनियो, टिकिया, पटुकी, पछ्यौरी, कानमा ढुङ्ग्री, पोते, कन्ठीलगायत गहना लगाउँछन् । मौलिक कला, संस्कृति संरक्षण गर्न गत वर्ष मल्कवाङका नौमती बाजा खरिद गरेर उपलब्ध गराइएको थियो। यसपालि पोशाक उपलब्ध गराइएको छ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ११ गुरु प्रसाद बास्तोलाको घरदेखि डिलको चौतारीसम्म नाला स्ल्याब सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** गुरु प्रसाद बास्तोलाको घरदेखि डिलको चौतारीसम्म नाला स्ल्याब सडक स्तरोन्नती

**उपभोक्ता समितिको नामः** गुरु प्रसाद बास्तोलाको घरदेखि डिलको चौतारीसम्म नाला स्ल्याब सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-११, कास्की

**योजना सम्झौता मिति :** २०८०/१२/१५ गते

**योजना सुरु मिति :** २०८०/१२/१६ गते

**योजना सम्पन्न भएको मिति :** २०८१/०२/३२ गते

**महानगरपालिका बाट प्राप्त :** रु. ४०,००,०००/-

**उपभोक्ता बाट प्राप्त :** रु. ७,००,०००/-

**कुल लागत :** रु. ४७,००,०००/-

**समिति सदस्य :** ११ जना, **महिला सदस्य :** ३ जना

**अनुगमन समिति संयोजक :** शिव प्रसाद बास्तोला

**सदस्यहरु :** धर्मराज आचार्य र दामोदर बास्तोला

**कुलदीप वास्तोला**

अध्यक्ष

**गुरु प्रसाद वास्तोलाको घरदेखि डिलको चौतारीसम्म नाला स्ल्याब सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-११, कास्की**


# विकासे कार्यालय नै बजेट खर्चिन असमर्थ

पोखरापत्र संवाददाता

बागलुङ, ४ असार

पूर्वाधार विकास कार्यालय बागलुङको चालु वर्षको विकास बजेट रु एक अर्ब छ करोड १७ लाख थियो । जेठ सकिँदा पूर्वाधारले रु ५१ करोड ६३ लाख खर्चेको छ । यो ४८ प्रतिशत खर्च हो । जलस्रोत तथा सिँचाइ विकास डिभिजनले विनियोजन गरेको रु आठ करोड ४२ लाख बजेटमा ४३ दशमलव तीन प्रतिशतमात्रै खर्च गरेको छ ।

ढोरपाटनस्थित बुर्तिवाङ नयाँ सहरी आयोजनाले चालु वर्ष राखेको लक्ष्य रु सात करोड १६ लाख बजेटमा पुँजीगत खर्च रु तीन करोड ८० लाख छ। सघन सहरी विकास तथा भवन निर्माण आयोजनाले चालु वर्ष खर्चनुपर्ने रु ६३ करोड ५६ लाख बजेटमा जेठ मसान्तसम्म रु ३० करोड ६८ लाखमात्रै खर्चेको हो । सडक डिभिजनले चालु वर्ष ७५ प्रतिशत बजेट खर्चेको छ। रु २६ करोड ९६ लाख बजेटमा जेठ मसान्तसम्म रु २० करोड २८ लाख खर्चेको प्रमुख कोष तथा लेखा नियन्त्रक धर्मभक्त बस्यालले बताउनुभयो।

उहाँका अनुसार जेठ सकिँदा बागलुङका विकासे कार्यालयको पुँजीगत खर्च ५५ प्रतिशत छ । यो अवधिमा उनीहरूले चालु खर्च ८५ प्रतिशतसम्म गरेका छन् ।

गलकोट नगरपालिकाको प्रशासकीय भवनको आगामी पुस मसान्तभित्र काम सक्नुपर्ने गरी ठेक्का लगाइएकामा अहिलेसम्म २० प्रतिशत प्रगति भएको छ । रु १२ करोड ४१ लाख खर्चनुपर्ने भवनको म्याद सकिन सात महिना बाँकी रहँदा रु दुई करोड ४८ लाख पेश्की लगेका ठेकेदारले रु एक करोड ६७ लाखमात्रै भुक्तानी लगेका छन् । यस्ता धेरै योजना खर्च गर्न नसकेर अलपत्र छन्। कतिपय योजनाको बजेट फ्रिज हुँदा नागरिकले सास्ती खेप्नुपर्ने बाध्यता छ ।

आयोजना सञ्चालन गर्ने सरकारी कर्मचारीले असारमा धेरै रकम खर्च हुने बताउनुभयो । "योजनाहरूमा धेरै काम भएका छन्, तर अन्तिम भुक्तानी असारमा हुँदा खर्च बढी देखिन्छ", सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालयका प्रमुख सुनिता श्रेष्ठले भन्नुभयो, "ठेक्कामा लगाएका काम समयमा नसकिँदा खर्च कम देखिएको हो।" कतिपय कार्यालयले भने सालबसाली काम गर्दा खर्च गर्नै नसकेको श्रेष्ठले बताउनुभयो।

जिल्लामा सङ्घीय बजेटमार्फत काम गरेका कार्यालयले पनि ६७ प्रतिशतमात्रै प्रगति देखाएका छन् । चालु वर्षका लागि आएको रु एक अर्ब २७ करोड ४८ लाख पुँजीगत बजेटमा जेठ मसान्तसम्म रु ८१ करोड ८५ लाखमात्र खर्चन सकेका हुन् । सोही अवधिमा गण्डकी प्रदेशमातहतका विकासे कार्यालयले रु एक अर्ब ९० करोड बजेटमा रु एक अर्ब चार करोडमात्र खर्च गरेका हुन् । जुन ५५ दशमलव २० प्रतिशत हो। चालु वर्षका लागि सरकारले विनियोजन गरेको रु तीन खर्ब दुई अर्ब पुँजीगत बजेटमा रु एक खर्ब ३२ करोडमात्र खर्च भएको हो ।

# पर्वतमा थप दुई सय हेक्टर जमिनमा सिँचाइ सुविधा

पोखरापत्र संवाददाता

पर्वत, ४ असार

पर्वतमा थप दुई सय हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ । जिल्लाका सात पालिकामा सुरु एक सय १७ सिँचाइ आयोजनामध्ये हालसम्म सम्पन्न ९० वटा आयोजनाबाट सिँचाइ सुविधा विस्तार भएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय पर्वतका प्रमुख विष्णुहरि अधिकारीले जानकारी दिनुभयो।

प्रमुख अधिकारीका अनुसार थप २० वटा आयोजना यही असार मसान्तसम्म पूरा हुने क्रममा छन् । जिल्लाका अधिकांश योजना बहुवर्षे भएको र छोटो अवधिका योजनामध्ये झन्डै एक दर्जन योजना सम्पन्न भइसकेको उहाँले बताउनुभयो । जलजला गाउँपालिका-७ मा रहेको पुर्जाखोलारलुङ्दीखोला-भेडावारी सिँचाइ योजना, फलेवास नगरपालिका-६ देविस्थानको लिफ्ट बोरिङ सिँचाइ योजना तथा मोदी-३ को टुहुरेखोल्सी-पूर्णगाउँ सिँचाइ ठूला प्रकृतिका योजना हुन् ।

जिल्लामा रहेका सिँचाइ योजनामध्ये स्तरोन्नति गर्नुपर्ने योजनाको काम पनि सकिएको छ । यस वर्ष स्तरोन्नति, मर्मत र नयाँ सम्पन्न भएका योजनाबाट थप दुई सय हेक्टरभन्दा बढी क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको हो ।

कार्यालयका अनुसार अहिले सञ्चालित योजना सम्पन्न गर्नका लागि झन्डै रु एक अर्ब बजेट आवश्यक छ। योजनाको लागतअनुमानअनुसार पर्याप्त बजेट विनियोजन नहुँदा समयमै सम्पन्न गर्न कठिनाइ भइरहेको उहाँले बताउनुभयो। अधिकांश योजनाहरू रु एक करोडदेखि रु तीन करोडसम्ममा रहेका छन् ।

कार्यालयमा चालु आर्थिक वर्षका लागि विनियोजित भएको कूल रु १८ करोड ९३ लाखमध्ये जेठ मसान्तसम्म रु १३ करोड २८ लाख ७० हजार खर्च भइसकेको छ। चालु आवको जेठ अन्तिम सातासम्म भौतिक प्रगति ८५ प्रतिशत र वित्तीय प्रगति ७० प्रतिशत पुगेको जनाएको छ ।

सिँचाइ योजनाहरूको सङ्ख्या उल्लेख्य भए पनि कतिपय पुराना र क्रमागत योजनाहरू नियमित बजेट विनियोजन नहुँदा भग्नावशेषमा परिणत भइसकेका छन् । नयाँ योजना थपिने तर पूराना योजना सम्पन्न गर्न बजेट विनियोजन नभएका कारण जिल्लाभर झन्डै ४० वटा पुराना योजना अधुरै रहेको कार्यालयले जनाएको छ।

पर्वतको कूल खेतीयोग्य जमिनमध्ये ११ हजार नौ सय ३४ हेक्टर क्षेत्रफलमा सिँचाइको पहुँच छ तर बाह्रैमास सिँचाइ सुविधा पुग्ने जमिनको क्षेत्रफल भने जम्मा तीन हजार पाँच सय हेक्टर मात्र रहेको कार्यालयले जनाएको छ।

# पर्वतमा विहादीमा 'एक घर एक युवक स्वरोजगार' कार्यक्रम

पोखरापत्र संवाददाता

पर्वत, ४ असार

मुलुकभित्र रोजगारीका अवसर नपाउँदा युवावर्ग विदेशिने क्रम बढ्दै गएकामा चिन्ता व्यक्त गर्दै पर्वतको विहादी गाउँपलिकाले 'एक घर एक युवक स्वरोजगार' कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ।

विहादी गाउँपालिकाको सोमबार सम्पन्न १५औं गाउँसभामा आगामी आर्थिक वर्षमा युवा स्वरोजगार कार्यक्रम सञ्चालनको घोषणा भएको हो । गाउँपालिकाभित्र कृषि, लघुउद्यम, पशुपालन, पर्यटन क्षेत्रमा युवावर्गलाई प्रेरित गर्ने उद्देश्यले उक्त कार्यक्रम घोषणा गरिएको गाउँपालिकाका अध्यक्ष परबीन गुरुङले बताउनुभयो ।

प्रस्तुत नीति तथा कार्यक्रममा 'श्रमिकसँग गाउँपालिका अध्यक्ष कार्यक्रम' सञ्चालन गरिने जानकारी दिँदै उहाँले स्थानीय तहको पञ्चवर्षीय रोजगार रणनीति तर्जुमा गरी आन्तरिक रोजगारीलाई व्यवस्थित बनाउन पहल गरिने बताउनुभयो ।

पालिकाभित्र लघुउद्यम समूह गठन गरी व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने, तालिमप्राप्त जनशक्तिलाई उद्यमी बनाउन प्रोत्साहनस्वरुप प्रविधि हस्तान्तरण र बजारीकरणमा सहयोग गरिनेछ।

एक घर एक युवा स्वरोजगार ग्रामीण स्वावलम्बन कार्यक्रमको अवधारणा अघि सारिएको अध्यक्ष गुरुङले बताउनुभयो ।

पालिकाक्षेत्रका युवालाई स्वरोजगार बन्न अभिप्रेरित गर्न करका दरमा छुट तथा परिमार्जन तथा स्थानीय सीप, स्रोत र प्रविधिमा आधारित घरेलु तथा साना स्थानीय उद्योग सरंक्षणको नीति लिएको छ। स्थानीय रूपमा उत्पादित मदिराको उत्पादनलाई महत्व दिई अर्थोपार्जनको नीति अगाडि बढाउने, गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह, निजी फार्म र सहकारी दर्ता तथा कार्यक्षेत्रको अनुमतिजस्ता विषय व्यवस्थित ढङ्गले अगाडि बढाउने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

पालिकाले गर्भवतिको स्वास्थ्यलाई दृष्टिगत गर्दै ग्रामीण 'अल्ट्रासाउण्ड सेवा' कार्यक्रम कार्यान्वयन योजना पनि अघि सारेको छभने २० युनिटसम्मको विद्युत् महसुल निःशुल्क गरिने भएको छ ।

विद्युत्को खपत बढाउनका लागि प्रोत्साहन गरिने अध्यक्ष गुरुङले बताउनुभयो ।

सङ्घीय सरकारसँगको समन्वयमा रु चार करोड लगानीमा बृहत् सिँचाइका पूर्वाधार निर्माण गरिने र 'डिपबोरिङ' आयोजना प्रभावकारी बनाइने पालिकाको नीति तथा कार्यक्रममा उल्लेख छ।

धर्मसंस्कृतिको जगेर्नासँगै जलवायु परिवर्तनको असरलाई घटाउन पालिकाले 'एक टोल एक चौतारी' कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । जिल्लाका सात पालिकामध्ये विहादीले पहिलोपटक बजेट, नीति तथा कार्यक्रम सार्वजनकि गरेको हो ।

# पालुङटारमा औद्योगिक क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन

**रामबहादुर थापा**
गण्डकी,४ असार/रासस

कास्की र नवलपुरमा प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाको तयारीबीच गोरखाको पालुङटार नगरपालिका-७ च्याङ्लीमा पनि औद्योगिक क्षेत्र निर्माणका लागि सम्भाव्यता अध्ययन गरिएको छ।

गण्डकी प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले विज्ञ सम्मिलित परामर्शदाता कम्पनीमार्फत सो औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन गरेको हो। मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख रामप्रसाद आचार्यले पालुङटार-७ र ८ लाई समेटेर निर्माण गर्ने भनिएको औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन सफल भएको बताउनुभयो।

“झन्डै सात हजार पाँच सय रोपनी क्षेत्रफलमा निर्माण हुने औद्योगिक क्षेत्रमा करिब आठ सय रोपनी निजी जग्गा छ, निजी जग्गालाई सरकारले अधिकरण गर्नुपर्छ”, उहाँले भन्नुभयो, “जग्गाको अवस्थिति, राजमार्गसँगको पहुँचलगायत कारणले च्याङ्लीलाई औद्योगिक क्षेत्रका रूपमा विकास गर्न सकिने अध्ययनले देखाएको छ।” जग्गा प्राप्तिपछि विस्तृत प्राविधिक अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कनपछि औद्योगिक क्षेत्रमा भौतिक पूर्वाधार निर्माणका काम सुरु हुने महाशाखा प्रमुख आचार्यले बताउनुभयो। निजी जग्गा अधिकरणका लागि सङ्घ र प्रदेश सरकारले पहल लिनुपर्ने उहाँको भनाइ छ।

“औद्योगिक क्षेत्रका लागि स्रोतसाधन र पूर्वाधार तयारीमा तीनै तहका सरकारको लगानी र सक्रियताको खाँचो छ”, उहाँले भन्नुभयो। नगर प्रमुख विवश चिन्तनले औद्योगिक क्षेत्र निर्माणको चर्चा वर्षौंदेखि चल्दै आए पनि ठोस प्रगति हुन नसकेको बताउनुभयो। “प्रदेश सरकारले सम्भाव्यता अध्ययन त गरेको छ, अरू काम अगाडि बढ्नेमा भने सशंय छ, औद्योगिक क्षेत्रको योजना सङ्घ र प्रदेश सरकारको प्राथमिकता परेको देखिँदैन”, उहाँले भन्नुभयो। उहाँले सङ्घ, प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा औद्योगिक क्षेत्र निर्माण गर्नुपर्ने बताउनुभयो। कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा औद्यागिक क्षेत्र बनाउने प्रदेश सरकारको योजना पनि समयमा जग्गा व्यवस्थापन नहुँदा सुस्ताएको छ। महाशाखा प्रमुख आचार्यले दुवै औद्यागिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कनको काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। पुरानै आयोजना कार्यान्वयनमा आउन नसकिरहेका बेला थप अर्को औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन गरिएको हो। प्रदेश गौरवका आयोजनाका रूपमा घोषित औद्योगिक क्षेत्र गतिहीन बनेपछि जनस्तरमा पनि गुनासो बढेको छ। मन्त्रालयले पुँडीटारमा रु ५४ करोड र लोकाहाखोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिसकेको छ। औद्योगिक क्षेत्रलाई चाहिने जग्गा नापजाँच तथा यकिन भइसकेको छ। प्रदेश सरकारले आगामी आव २०८१/८२ को बजेटमा पुँडीटार र लोकाहाखोला औद्यागिक क्षेत्रमा पूर्वाधार निर्माणको काम सुरु गर्ने घोषणा गरेको छ। पुँडीटारमा चार हजार पाँच सय रोपनी र लोकाहाखोलामा एक सय ४१ बिगाहामा औद्योगिक क्षेत्र निर्माण हुनेछ। पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा महानगरपालिका-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ।

लोकाहाखोला औद्यागिक क्षेत्र नवलपुरको कावासोती नपा-१ र देवचुली नपा-१० मा स्थापना हुन लागेको हो। पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहे पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर ‘डिपिआर’ बनाइएको मन्त्रालयले जनाएको छ। प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ। प्रदेश सरकारले दुई औद्योगिक क्षेत्रसँगै २९ औद्योगिक ग्राम निर्माणको योजनालाई अघि बढाएको छ।

गण्डकी प्रदेशमा तनहुँको भानु नगरपालिका, ऋषिङ, आँबुखैरनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी, कालीगण्डकी गाउँपालिका, चापाकोट, वालिङ नगरपालिका र लमजुङको राइनास नगरपालिका तथा बागलुङको ताराखोला र मनाङको चामे गाउँपालिकालगायत स्थानीय तहमा औद्योगिक ग्राम निर्माणको घोषणा गरिएको छ। निर्माण घोषणा भएका २९ औद्योगिक ग्राममध्ये तीन औद्योगिक ग्राम आगामी आव २०८१/८२ भित्र सञ्चालनमा ल्याइने भएको छ। मन्त्रालयका अनुसार तनहुँको आँबुखैरेनी गाउँपालिका, स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका र पूर्वाधारको अवस्था हेरेर थप एउटा स्थानीय तहमा औद्योगिक ग्राम सञ्चालनको तयारी गरिएको हो। एउटा औद्योगिक ग्राममा रु २० देखि २५ करोडसम्मका पूर्वाधार निर्माण हुने मन्त्रालयले जनाएको छ। औद्योगिक ग्राममा खानेपानी, बिजुली, नाली, घेराबार, प्रवेशद्वार, प्रदर्शनी, बिक्री र भण्डारण कक्षलगायत भौतिक पूर्वाधार निर्माण गरिनेछ। निजी क्षेत्रलगायतसँगको समन्वय र सहकार्यमा औद्योगिक ग्राम सञ्चालनमा ल्याइनेछ। औद्योगिक ग्राममा साना तथा मझौला उद्योग रहनेछन्। स्थानीय कच्चापदार्थ, कृषि, वन पैदावर, जडीबुटी, खानी, खनिज आदिमा आधारित उद्योग खोल्न सकिने व्यवस्था छ। औद्योगिक ग्रामका लागि सरकारले हिमाली र दुर्गम पहाडी जिल्लामा ३० रोपनी, पहाडी क्षेत्रमा ४० रोपनी र तराईमा सात बिघा जग्गाको मापदण्ड तोकेको छ।



प्रशासनमा लामबद्ध सेवाग्राही : जिल्ला प्रशासन कार्यालय, तनहुँमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्न मङ्गलबार लामबद्ध सेवाग्राही। तनहुँका केही स्थानीय तहबाटै राष्ट्रिय परिचयपत्र विवरण सङ्कलनको काम सुरु भए पनि प्रशासनमा भीड घटेको छैन। तस्बिर : कृष्ण न्यौपाने/रासस

# स्टेप बाई स्टेप माबिमा हाजिरजवाफ

**सविता गुरुङ/स्मृति गाहा मगर**
पोखरा, ४ असार

विद्यार्थीको बौद्धिक क्षमता अभिवृद्धि गर्ने, उनीहरुको बौद्धिक प्रखरता मापन गर्ने र सामान्य ज्ञान बारे अभिरुची जगाउने उद्देश्यले स्टेप बाई स्टेप मा. बि. मासवार, पोखराले आफ्नो वार्षिक कार्यतालिका अनुसार कक्षा ८ देखि १० कक्षामा सम्मका विद्यार्थी बिच हजिरीजवाफ प्रतियोगिता सम्पन्न गरेको छ। प्रतियोगितामा सलिना भण्डारी, आयुष्मा कँडेल, निश्चल पौडेल र एलन भट्टराई रहेको ग्यालिलियो सदन प्रथम हुन सफल भएको छ भने डिप्लव कुँवर, राशिका श्रेष्ठ, कुशल भुसाल र विल्सन न्यौपाने रहेको आइन्सटाइन सदन द्वितीय हुन सफल भएको छ।



त्यसैगरी रसिला कार्की, दृश्य देवकोटा, असिम गैह्रे र सन्दिप पौडेल रहेको मार्कोनी सदन तृतीय भएको छ। कार्यक्रममा विद्यालयका संस्थापक प्रिन्सिपल निर्मला बरालले विद्यार्थीको चौतर्फी विकासका निम्ति विद्यालयले यस्ता विभिन्न क्रियाकलाप गर्दै आएको बताउनुभयो।

त्यसैगरी संस्थापक निर्देशक रमाकान्त बरालले आजका विद्यार्थी भोलिका राष्ट्र निर्माता भएकोले यस्ता कार्यक्रमले विद्याथीृहरुलाई पछि लोकसेवा, शिक्षा सेवा, प्रहरी सेवा जस्ता विभिन्न क्षेत्रमा प्रवेश गर्न सहज हुने र उनीहरुको बौद्धिक प्रखरतामा वृद्धिहुने कुरा बताउनुभयो। कार्यक्रममा कुइच मास्टरका रुपमा विद्यालयका विज्ञान विभाग प्रमुख तथा अतिरिक्त क्रियाकलाप प्रमुख युवराज लामिछाने र अंग्रेजी विभाग प्रमुख रुपेश पौडेल रहनु भएको थियो।

# ‘पत्रकारको हितभन्दा फरक मिडिया विधेयक आउँदा सकस’

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्काले सरकारबाट पत्रकारले खोजे भन्दा फरक विधेयक आउँदा पत्रकारितामा झमेला सिर्जना भएको बताउनुभएको छ।

दमौलीमा मंगलबार आयोजित न्यूनतम पारिश्रमिक निर्धारण समिति काठमाडौँद्वारा आयोजित ‘श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था र ऐन संशोधन’ विषयक अन्तरक्रियामा अध्यक्ष खड्काले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन झन्झटिलो भएको बताउनुभयो। उहाँले भन्नुभयो, “ऐन संशोधन गरी तीन वर्षदेखिको पारिश्रमिक कार्यान्वयनका लागि जिल्ला-जिल्लामा पुगेर पत्रकारसँग छलफलमा जुटेका छौँ। पत्रकारिताबाहेक अन्य पेशामा नभएका पत्रकारलाई सहज बनाउने गरी ऐन आउनुपर्छ भनेर पटकपटक महासङ्घसहितको सरकारी पक्षसँग समन्वय गरिरहेका छौँ।” केही विधेयक पारित भएको खबर प्राप्त भएको तर, पत्रकारले खोजे भन्दा फरक आउँदा कार्यान्वयन हुने अवस्था नभएको उहाँको भनाइ छ। सरकारबाट समितिलाई जिल्लाका सञ्चार क्षेत्रको अनुगमन गर्ने अधिकार नदिँदा अधिकार प्रत्यायोजन गर्न माग गरिएको उहाँले जानकारी दिनुभयो। प्रविधिले अझै सञ्चार क्षेत्रमा चुनौती बढिरहेको उहाँले बताउनुभयो। नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष उज्ज्वल पौडेलले पत्रकारिताबाट पलायन हुन नदिन चौथो अङ्गका रुपमा रहेको सञ्चार जगतको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो। सरकारी मिडियाले कतिसम्म स्ट्रीन्जर राख्न पाउने भन्ने ऐन संशोधनमा समावेश गरी पहिला कार्यान्वयनमा ल्याउनुपर्ने उहाँको भनाइ छ। जिल्लाका पत्रकारले न्यूनतम पारिश्रमिक निर्धारण मात्रैभन्दा पनि कार्यान्वयनलाई समितिले जोड दिनुपर्ने माग राखेका थिए। कार्यान्वयन हुन सक्ने पारिश्रमिक निर्धारण गरिए पनि सबै सञ्चार माध्यमले कार्यान्वयनमा नल्याएको सहभागीहरूको भनाइ थियो।

# पोखराका ढकाल रा.प्र.पा केन्द्रीय सल्लाहकार मनोनित

**सविता गुरुङ/स्मृति गाहा मगर**
पोखरा, ४ असार

पोखरा महानगर पालिका-६ बैदाम निवासी गणेश बहादर ढकाल राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)को केन्द्रीय सल्लाहकार मनोनित भएका छन छ।

रा.प्रपाका केन्द्रीप अध्यक्ष राजेन्द्र लिङ्देलले आइतवार एक कार्यक्रमका बीच ढकाललाई मनोनयन पत्र



हस्तान्तरण गर्दै सम्मान गरेका थिए। सल्लाहकार मनोनित ढकाल विद्यार्थी राजनीतिबाट राजनीति सुरु गरी रा.प्र.पा जिल्ला सचिव हुदै कास्कीको कार्यवाहक अध्यक्ष बन्नुभएको थियो। ढकाल निष्ठाको राजनीतिका साथै विभिन्न सामाजिक काम मा सक्रिय रहनु भएको छ। आफ्नो जीवन राजनीतिलाई र समाज सेवामा समर्पित गर्नुभएका ढकालले हालसम्म कुनै पनि लाभ को पद न लिएका र कास्की रा.प्र.पाको निस्ठावान कार्यक्रताको रुपमा चिनिन्छन।

# ज्यामरुककोट र ढोलठानमा पर्यटकीय पूर्वाधार निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पर्यटकीय सम्भावनायुक्त म्याग्दीका ज्यामरुककोट र ढोलठानमा स्थानीय तथा प्रदेश सरकारको संयुक्त लगानीमा पर्यटकलक्षित पूर्वाधार निर्माण गरिएका छन्।

पर्यटकीय हिसाबले सम्भावनायुक्त म्याग्दीको बेनी नगरपालिका-२ स्थित ज्यामरुककोट र बेनी नगरपालिका-९ स्थित ढोलठान दरबार क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गरिएका हुन्। गण्डकी प्रदेश सरकारअन्तर्गतको उद्योग तथा पर्यटन कार्यालय म्याग्दीको सहयोगमा ज्यामरुककोटको खड्गभवानी कोत र ढोलठान दरबार परिसरमा पूर्वाधार विस्तार गरिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो। प्रदेश सरकारको रु १० लाख बजेटबाट यसपाली खड्गभवानी कोतघर परिसरमा ३८ मिटर लामो र दुई मिटर अग्लो मेसिनरी पर्खाल निर्माण गरिएको छ। त्यसैगरी ढोलठाना दरबारको संरक्षण र पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतमार्फत ढोलठाना संरक्षण योजनाका लागि १० लाख र पर्यटन तथा उद्योग कार्यालय म्याग्दीमार्फत रु १० लाख गरेर रु २० लाखको बजेटमा पर्यटन पूर्वाधार निर्माण गरिएको नगरप्रमुख केसीले जानकारी दिनुभयो। ेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बेनीमा आउने पर्यटकको बसाइँ लम्बाउन ज्यामरुककोटमा पूर्वाधार निर्माणलाई तीव्रता दिइएको बताउनुभयो। उहाँलले पूर्वाधार विस्तारसँगै यहाँ भक्तजन र पर्यटकको चहलपहल बढेको बताउनुभयो।

अध्यक्ष कार्कीका अनुसार पर्खाल बनाएर फराकिलो बनाइएको कोतघर परिसरमा भक्तजन र पर्यटकका लागि बस्ने कुर्चीको व्यवस्था गरिएको छ। यसअघि प्रदेश सरकारको रु १५ लाख सहयोगमा भकुण्डेदेखि खड्गभवानी कोतघर परिसरमा पुग्न तीन सय आठ मिटर पक्की पदमार्ग निर्माण गरिएको थियो।

यसैगरी गत आर्थिक वर्षमा प्रदेश सरकारकै रु १० लाख बजेटबाट कन्थरथानतर्फबाट कोतघर परिसरमा पुग्ने पदमार्ग निर्माण भएको छ। कोतघर परिसरमा रु पाँच लाख बजेटमा गणेशको मन्दिर बनाइएको छ। कोत परिसरमा दुई सय १० मिटर घेराबार, दुई सय मिटर बाटो ढलान, पटांगिनी निर्माण, नागथान र मौलो राख्ने ठाउँ पनि निर्माण गरिएको खड्गभवानी कोत तथा गुठी व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण घिमिरेले बताउनुभयो। पन्ध्रौं शताब्दी प्रारम्भसँगै थापाहरूले राज्य गरेको ज्यामरुककोट (खड्गभवानी कोत) परिसरलाई पर्यटन गन्तव्य बनाउन बेनी नगरपालिका र वडा कार्यालयले पूर्वाधार निर्माणमा तीव्रता दिएको उहाँको भनाइ छ। अध्यक्ष घिमिरेका अनुसार अनुसार यहाँ मल्लकालमा प्रयोग भएका दुर्लभ हातहतियारसमेत छन्। ४२ रोपनी क्षेत्रफलमा रहेको कोत परिसरमा मल्लकालीन इतिहास, तोप, खुँडा, तरबारलगायत हातहतियार, प्राचीन शिला/इँटा, खजाना लुकाउने ठाउँ र पानीका लागि बनाइएको राजकुवा अझै पनि यथावत् छन्।

समुन्द्री सतहदेखि एक हजार छ सय ४८ मिटर उचाइमा रहेको ज्यामरुककोटबाट धवलागिरि, नीलगिरि, अन्नपूर्णलगायत हिमशृङ्खला, सदरमुकाम बेनी बजार, पञ्चकोट र दर्जनौं ग्रामीण बस्ती अवलोकन गर्न सकिन्छ। त्यसैगरी विसं १६३१ देखि १८४३ सम्म पर्वत राज्यको राजधानी रहेको ढोलठानको संरक्षण र पर्यटकीय पूर्वाधार निर्माण कार्य पनि तिब्ररुपमा भइरहेको छ। बेनीको शिरमा पर्ने ढोलठानको पुरानो दरबार रहेको ठाउँमा मौलिक सीप, कला र स्रोतसाधनको प्रयोग गरेर विश्राम तथा दृश्यावलोकनस्थल, पदमार्ग र प्रवेशद्वार निर्माण गरिएको छ। दरबार प्रवेश गर्नका लागि ढुङ्गाको प्रयोग गरेर मौलिक सीपबाट आकर्षक किसिमको प्रवेशद्वार बनाइएको छ।


## शिक्षक आवश्यकता

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०३/०५)**

**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्की**का लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१ असार ४ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले यही असार ११ गते अपरान्ह ४ बजेभित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ।

| क्र.स. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | शिक्षक | प्रा.वि. तह | विज्ञान | १ | कक्षा १२ उत्तीर्ण वा सो सरह। |

तलब सुबिधा : नेपाल सरकारको नियमानुसार।
परीक्षा दस्तुर : १०००।-
परीक्षा किसिम : लिखित, अन्तरबार्ता र कक्षा अवलोकन।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क मिति : २०८१ साल असार गते।
अध्यापन अनुमति पत्र सम्बन्धमा : सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।
उमेर हद : दरखास्त बुझाउने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय बाणिज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
**(नोट : यो आवासीय विद्यालय भएकाले छात्रावासमा बसेर जिम्मेवारी बहन गर्नेलाई प्राथमिकता दिइनेछ।)**

**विस्तृत जानकारीको लागि सम्पर्क :**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६ वा ९८६९१४७५११**